# सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने तथा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि

२०७३

सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपाल
बबरमहल, काठमाडौँ

# सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यमा सहयोग गर्नेलाई पुरस्कृत गर्ने तथा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि

(आयोगबाट स्वीकृत मिति-२०७३।७।४)

**<u>प्रस्तावना:</u>** सत्य निरुपण तथा मेलमिलाप आयोगले छानविन गरेको विषयमा सत्य तथ्य पत्ता लगाउने तथा आयोगले गर्नु पर्ने अन्य कार्यमा आयोगसहयोग पुर्‍याउनेलाई पुरस्कार दिने तथा आयोगको काम कारवाहीमा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धमा रहेको कानूनी व्यवस्थाको कार्यान्वयनको लागि अवलम्बन गर्नुपर्ने मापदण्ड र कार्यविधिको निर्धारण गर्न वाञ्छनीय भएकोले,

सत्य निरुपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ को नियम ४६ बमोजिम आयोगले यो कार्यविधि बनाई जारी गरेको छ ।

## परिच्छेद–१
## <u>प्रारम्भिक</u>

१. **<u>सक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस कार्यविधिको नाम "पुरस्कार तथा कारवाही गर्ने सम्बन्धी कार्यविधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि आयोगले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

(क) "आयोग" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनुपर्छ ।

(ग) "नियमावली" भन्नाले सत्य निरूपण तथा मेलमिलाप आयोग नियमावली, २०७२ सम्झनुपर्छ।

(घ) "अनुसन्धान अधिकारी" भन्नाले ऐन तथा नियमावली बमोजिम सत्य अन्वेषण तथा छानविनको लागि आयोगद्वारा नियुक्त कुनै सदस्य, कार्यटोली वा उपसमितिलाई सम्झनुपर्छ ।

(ङ) "पुरस्कार" भन्नाले प्रशंसापत्र, कदरपत्र, नगद वा आयोगले तोके बमोजिमको अन्य पुरस्कार समेत सम्झनुपर्छ ।

## परिच्छेद–२

## पुरस्कार सम्बन्धी व्यवस्था

३. **सहयोग गर्नेलाई पुरस्कृत गर्नेः** आयोगले सम्पादन गर्ने कार्यका लागि आयोग वा आयोगले गठन गरेको अनुसन्धान अधिकारी वा सम्बन्धित अधिकृतलाई देहाय बमोजिमको कुनै कार्य गरेर उल्लेखनीय सहयोग पुर्‍याउने व्यक्ति, सङ्गठन, संस्था वा निकायलाई आयोगले पुरस्कृत गर्नसक्नेछः

(क) अनुसन्धानमा सहयोग पुग्ने महत्वपूर्ण प्रमाण जुटाउने कार्यमा सहयोग गरेको,

(ख) पीडित वा साक्षीको सरक्षणमा सहयोग गरेको,

(ग) द्वन्द्वकालीन घटनाको घटनास्थल पहिचान गर्नमा सहयोग गरेको,

(घ) आयोगलाई उपयोगी सूचना दिने कार्यमा सहयोग पुर्‍याएको,

(ङ) पीडित वा साक्षीलाई अनुसन्धान अधिकारी समक्ष ल्याउने कार्यमा सहयोग पुर्‍याएको,

(च) पीडित र पीडकका वीचमा मेलमिपाल गराउने कार्यमा सहयोग पुर्‍याएको,

(छ) पीडितलाई परिचय पत्र प्रदान गर्ने, परिपूरणको सिफारिस गर्ने, सार्वजनिक सुनुवाई जस्ता आयोगले सम्पादन गर्ने अन्य कार्यमा सहयोग पुर्‍याएको ।

४. **छनौट गर्ने:** (१) आयोगको कार्यमा उल्लेखनीय सहयोग पुर्‍याउने व्यक्ति, सङ्गठन, संस्था वा निकायलाई पुरस्कृत गर्नका लागि त्यस्तो सहयोग प्राप्त गर्ने अधिकारीले आयोग समक्ष सिफारिश गर्नुपर्नेछ ।

(२) आयोगको कार्यमा सहयोग गर्ने व्यक्ति, सङ्गठन, संस्था वा निकायलाई पुरस्कृत गर्नुपर्ने देखिएमा सो सम्बन्धी प्रस्ताव आयोग समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद–३

## बाधा विरोध वा असहयोग गर्नेलाई कारवाही गर्ने सम्बन्धी व्यवस्था

५. **आयोगको कार्यमा बाधा विरोध गरेको मानिने:** कसैले आयोगका पदाधिकारी, अनुसन्धान अधाकारी वा कर्मचारीका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा आयोगको कार्यमा बाधा विरोध गरेको मानिनेछः

(क) आयोगको काम गरिरहेको स्थानमा काममा बाधा पुग्ने वा कार्य सम्पादन गर्नमा अवरोध हुने गरी कुनै कार्य गर्ने \ गराउने

(ख) आयोगको काम कारवाहीको क्रममा सम्पादन गरेको कार्यको लागि गाली गलौज, हातपात, धम्की वा दुर्व्यवहार गर्ने \ गराउने

(ग) आयोग सम्बन्धी कार्य गरेको विषयलाई लिएर पीडित, साक्षी वा आयोगलाई सहयोग गर्ने कुनै

व्यक्तिलाई त्यस्तो कार्य गर्न अबरोध वा कुनै माध्यमवाट धम्की वा दुर्व्यवहार गर्ने \ गराउने

(घ) आयोगले बाधा विरोध गरेको भन्ने ठहर्‍याएको अन्य कुराहरु ।

६. **<u>आयोगको कार्यमा असहयोग गरेको मानिने</u>:** कसैले देहाय बमोजिमको कुनै कार्य गरेमा आयोगको कार्यमा असहयोग गरेको मानिनेछः

(क) आयोगको काम कारवाहीमा अनावश्यक विलम्ब वा बाधा अवरोध गरे \गराएमा,

(ख) आफ्नो जानकारीमा रहेको सूचना वा जिम्मामा रहेको कागज, वस्ति वा विवरण दिन इन्कार गरेमा वा अनावश्यक विलम्व गरेमा,

(ग) वयान, कागज वा बकपत्रको लागि बोलाउँदा उपस्थित नभएमा,

(घ) आफ्नो पहुँच रहेको कुनै अभिलेख, वस्तु, श्रव्यदृश्य सामग्री आदिलाई प्रमाणको रूपमा आयोगलाई उपलब्ध गराउन इन्कार गरेमा ।

(ङ) आयोगको निर्णय कार्यान्वयन नगरेमा वा कार्यान्वयन गर्न अनावश्यक विलम्ब गरेमा ।

७. **<u>विभिन्न निकायका पदाधिकारी र कर्मचारीबाट असहयोग भएमा कारवाही हुने</u>:** (१) कुनै सार्वजनिक पदाधिकारी वा कर्मचारीले निजको काम,कर्तव्यसँग सम्बन्धित कुनै विषयमा आयोगलाई असहयोग गरेमा त्यस्तो पदाधिकारी वा कर्मचारीलाई विभागीय करवाही गर्न वा प्रचलित कानून बमोजिम पदीय जिम्मेवारी पुरा नगरेको आरोपमा कारवाही गर्न सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम लेखि पठाउदा निजले गरेको कसुर र त्यसको प्रकृति तथा त्यसवाट आयोगको काममा परेको प्रभाव समेत खुलाउनु पर्नेछ ।

(३) यस दफा बमोजिम कारबाहीको लागि लेखि आएमा सम्बन्धित अख्तियारवालाले आयोगले तोकेको अवधि भित्र कारवाही गरी आयोगमा जानकारी गराउनु पर्नेछ ।

८. **<u>कारबाही गर्ने</u>:** (१) आयोगको कुनै पदाधिकारी, अनुसन्धान अधिकारी वा कर्मचारीलाई दफा ५ वा ६ मा उल्लेख भए बमोजिमको बाधा विरोध वा असहयोग भएमा वा यस्तो भएको भन्ने आयोगको जानकारीमा आएमा देहायको व्यहोरा खुलाई आयोग समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(क) को, कसले, के, कस्तो किसिमबाट बाधा विरोध गरेको हो,

(ख) सो बाधा विरोधवाअसहयोगबाट आयोगलाई के कुन किसिमको कार्यमा समस्या उत्पन्नभएको हो,

(ग) सम्भव भएसम्म विरोध वा असहयोग गर्नुको कारण, सम्बद्ध तथ्य र प्रमाण ।

(२) उपदफा (१) बमोजिम पेश भएको प्रतिवेदन उपर आयोगले आवश्यक निर्णय गर्नेछ ।

९. **<u>प्रष्ट पार्न लगाउने</u>:**– दफा ८ बमोजिम पेश भएका प्रतिवेदनमा खुलाईएका विषयमा कुनै कारवाही अगाडि बढाउनु अघि थप स्पष्ट हुनुपर्ने आयोगलाई लागेमा स्पष्ट हुनुपर्ने लागेको जति विषयमा प्रतिवेदक वा सो बाधा विरोध वा असहयोग व्यहोर्ने पदाधिकारी, अनुसन्धान अधिकारी वा कर्मचारीसँग भएको सत्य तथ्य सम्बन्धमा थप प्रष्ट पार्न लगाउन सक्नेछ ।

१०. **<u>सफाईको मौका दिने</u>:**– (१) दफा ८ बमोजिमको प्रतिवेदनमा उल्लेख गरिएको बाधा विरोध वाअसहयोगको विषय स्पष्ट खुलाई सम्बन्धित व्यक्तिलाई निज उपर कारवाही नहुनुपर्ने कुनै आधार र

कारण भए सोको प्रमाण सहित उपस्थित हुने गरी सफाईको मौका प्रदान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सफाईको मौका दिँदा आयोगले बाटोको म्याद बाहेक तीन दिनकोम्यादतोकी आरोपितको नाममा सूचना जारी गर्नेछ ।

(३) उपदपा (२) बमोजिम जारी गरिने सूचनामा निज उपर लागेको आरोप, हुन सक्ने कारवाही, सफाई पेश गर्ने तरिका र अन्य आवश्यक विषय खुलाउनु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम सूचना जारी गर्दा आयोगले आरोपित व्यक्तिको ठेगाना वा निज कार्यरत रहेको संस्था, कार्यालय वा संगठन मार्फत वा आयोगले उपयूक्त ठहर्‍याएको जुनसुकै माध्यमबाट तामेल वा जारी गर्न सक्नेछ ।

११. **जरीवाना गर्न सक्ने:** आयोगको काम कारवाहीमा कसैले बाधा विरोध गरेको वा असहयोग गरेको भन्ने देखिन आएमा आयोगले त्यस्तो व्यक्ति वा संस्था वा निकायको प्रमुखलाई देहायको आधारमा पटकै पिच्छे ऐनको दफा १५ बमोजिम जरिवाना गर्न सक्नेछः

(क) बाधा वा असहयोगको प्रकृति,

(ख) त्यसबाट काममा परेको बाधा,

(ग) बाधा विरोधको उद्देश्य,

(घ) बाधा विरोधको क्रममा भौतिक क्षति भएको वा नभएको,

(ङ) सम्बन्धित व्यक्तिको जिम्मेवारीको प्रकृति ।

## परिच्छेद–४
## विविध

१२. **प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने:** यस कार्यविधि बमोजिम कारवाही अगाडि बढाइएको व्यक्ति वा संस्थालाई

प्रचलित कानून बमोजिम अरू कुनै कारवाही समेत हुने रहेछ भने सो बमोजिम कारवाही हुन कुनै बाधा पर्ने छैन ।

१३. **<u>प्रचलित कानून बमेजिम हुने</u>:** ऐन, नियमावली र यस कार्यविधिमा उल्लेख भएका कुरामा सोही बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

सत्य निरुपण तथा मेलमिलाप आयोग

# एक परिचय

१. **सत्य निरुपण तथा मेलमिलाप आयोग गठन**

नेपालको अन्तरिम संविधान, २०६३ र बिस्तृत शान्ति सम्झौतामा उल्लेखित प्रतिवद्धता अनुसार व्यवस्थापिका संसदले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग विधेयक, २०७१ पारित गरेपश्चात आयोग गठनको प्रक्रिया अगाडि बढेको हो । आयोगका पदाधिकारीहरुको नियुक्तिको लागि नेपाल सरकारले पूर्वप्रधानन्यायाधीश ओमभक्त श्रेष्ठको संयोजकत्वमा सिफारिस समिति गठन गरेको थियो । उक्त समितिको सिफारिस बमोजिम मन्त्रिपरिषद्बाट २०७१ साल माघ २७ गते अध्यक्ष तथा दुई महिलासहित पाँच जना पदाधिकारी सम्मिलित सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरिएको हो ।

२. **आयोगको उद्देश्यहरुः**

आयोगका प्रमुख उद्देश्यहरु यसप्रकारका छन्ः–

- मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
- पीडित र पीडक एकिन गर्ने तथा गम्भीर अपराधमा सलग्न पीडकलाई कानूनी कारवाहीको लागि सिफारिस गर्ने,
- पीडितलाई परिचयपत्र उपलब्ध गराउने र परिपूरणको लागि सिफारिस गर्ने,
- समाजमा शान्ति र मेलमिलापको वातावरण बनाउने,

- भविष्यमा द्वन्द्व दोहोरिन नदिन चाल्नुपर्ने कदमहरु पहिचान गरी सिफारिस गर्ने,
- शान्ति प्रक्रियालाई सफलतापूर्वक टुङ्ग्याउन सहयोग गर्ने,

## ३. आयोगका कार्यहरुः

आयोगका प्रमुख कार्यहरु यसप्रकारका छन्ः–

(क) सत्य निरुपण सम्बन्धी कार्यः

सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरुमा पीडित वा निजको तर्फबाट आयोगमा उजुरी परेमा वा आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भई आयोगले छानविन गर्न उपयुक्त सम्झेका त्यस्ता घटनाका सम्बन्धमा छानविन, सत्य अन्वेषण तथा अभिलेख नगरी सत्य निरुपण सम्बन्धी कार्य गर्दछ । आयोगले आवश्यकता अनुसार सार्वजनिक सुनुवाई र अन्य अनुसन्धानका विधिहरु प्रयोग गरी सत्य तथ्य जनसमक्ष ल्याउँछ । आयोगले त्यस्ता घटनाहरुका सम्बन्धमा छानविन गर्दा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्न सक्छ ।

(ख) कानूनी कारवाहीका लागि सिफारिसः

कानुनी कारवाही सङ्क्रमणकालीन न्यायको एउटा महत्त्वपूर्ण पक्ष हो ।आयोगले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरु जस्तैः बलात्कार, यौनजन्य हिंसा र गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकहरुलाई कानूनी कारवाहीको लागि सिफारिस गर्दछ ।

(ग) मेलमिलाप सम्बन्धी कार्यः

पीडक वा पीडितले मेलमिलापको लागि आयोगमा निवेदन दिएमा आयोगले पीडित र पीडकबीच मेलमिलाप गराउन सक्छ । तर पीडकले मेलमिलापको लागि निवेदन दिएको अवस्थामा पीडितको सहमति अनिवार्य लिनुपर्नेछ । मेलमिलाप गराउँदा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितलाई हुनगएको क्षतिवापत पीडकबाट मनासिव क्षतिपूर्ति भराउन सक्छ । मेलमिलाप गराउने सम्बन्धमा पीडितलाई उत्प्रेरित गर्नको लागि आयोगले सशस्त्र द्वन्द्वग्रस्त

ठाउँमा मेलमिलाप समारोह आयोजना गर्ने, सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिको सम्झनास्वरुप प्रतिमा वा सार्वजनिकस्थल निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउने, मेलमिलाप सम्बन्धी विभिन्न लेख रचना, निबन्ध, गीत, चित्र प्रकाशन गर्न लगाउने व्यवस्था समेत गर्न सक्छ ।

(घ) परिपूरणको लागि सिफारिसः

परिपूरणबाट पीडित वा निजका परिवारलाई क्षतिपूर्ति र राहत प्रदान गर्ने, पुनरुद्धार र समाजमा पुनर्स्थापना गर्ने तथा पीडितको सन्तुष्टि सम्बोधन गर्ने जस्ता बिषयहरु पर्दछन् । आयोगले पीडितको इच्छा वा माग बुझी निःशुल्क शिक्षा वा स्वास्थ्योपचार, सीपमूलक तालिम, बिनाव्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा, बसोबासको व्यवस्था, रोजगारको सुविधा तथा आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गर्छ । साथै कसैले पीडितको कुनै सम्पत्ति कब्जा वा जफत गरेको देखिएमा त्यस्तो सम्पत्ति फिर्ता गराउने तथा सो सम्पत्तिको वास्तविक क्षति यकिन गरी मनासिव क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

(ङ) क्षमादानको लागि सिफारिसः

आयोगले बलात्कार र गम्भीर प्रकृतिका अन्य अपराधमा संलग्न पीडकलाई क्षमादानको लागि सिफारिस गर्दैन । गम्भीर प्रकृतिका बाहेक अन्य अपराधमा संलग्न पीडकहरुलाई क्षमादानको लागि आयोगले सिफारिस गर्न सक्छ । यसरी सिफारिस गर्दा सशस्त्र द्वन्द्वको क्रममा आफूबाट गलत काम भएको कुरा स्वीकार गरेको, गल्तीको पश्चाताप गरेको, भविष्यमा त्यस्तो किसिमको कार्य नगर्ने प्रतिज्ञा गरेको, पीडितसँग चित्त बुझ्दो ढंगले क्षमायाचना गरेको, क्षमादान सम्बन्धमा पीडितले सहमति दिएको तथा घटनाको गम्भीरता समेत आयोगले विचार गर्नेछ ।

(च) नीतिगत तथा संरचनागत सुधारको लागि सिफारिसः

भविष्यमा सशस्त्र द्वन्द्व नदोहोरिनका लागि नेपाल सरकारले अवलम्वन गर्नुपर्ने नीतिगत, संरचनागत, संस्थागत, कानूनी, प्रशासनिक र ब्यवहारिक सुधारका विषयहरु बारे आयोगले नेपाल सरकारसमक्ष सिफारिस गर्छ ।

(छ) अन्य कार्यः

आयोगमा बयान, वकपत्र वा जानकारी दिन उपस्थित भएको ब्यक्तिले आउँदा, जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्चमा गरेमा आयोगले त्यस्तो खर्च उपलब्ध गराउँछ भने त्यस्ता व्यक्तिले आफ्नो र आफ्नो परिवारका सदस्यहरुको सुरक्षाको लागि अनुरोध गरेमा वा आयोगले सुरक्षा दिन आवश्यक ठानेमा नेपाल सरकारको सहयोग लिई सुरक्षाको लागि उचित व्यवस्था गर्दछ । त्यसैगरी आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन र अवहेलना भएको ठहराएमा पन्ध्र हजारसम्म जरीवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय गर्न सक्दछ ।

(ज) आयोगको प्रतिवेदन कार्यान्वयनः

आयोगले दिएको अन्तरिम प्रतिवेदन वा अन्य प्रतिवेदनहरुमा उल्लिखित सिफारिस कार्यान्वयन गर्ने गराउने जिम्मेवारी शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई दिइएको छ । आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई दिइएको छ । यसबाट यस आयोगका सिफारिसहरु प्रभावकारीरुपमा कार्यान्वयन हुनेछ ।

# संक्षिप्त जानकारी

१. **<u>सत्य निरुपण भनेको केहो ?</u>**

सशस्त्र द्वन्द्वको समयमा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरुको अनुसन्धान छुट्टै बिशेष संयन्त्रबाट गर्न उपयुक्त हुने भएकोले विशेष संयन्त्रबाट त्यस्तो घटनाहरुको छानविन गरी दोषी र पीडित को को हुन् र घटनाको वास्तविक सत्य तथ्य पत्ता लगाउने कार्य हो ।

२. **<u>सशस्त्र द्वन्द्व भन्नाले के बुझिन्छ ?</u>**

सशस्त्र द्वन्द्व भन्नाले सम्बत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओबादी) बीच भएको सशस्त्र द्वन्द्व भन्ने बुझिन्छ ।

३. **<u>मानव अधिकार भनेको केहो ?</u>**

मानवलाई मानवीय मूल्य र मर्यादाका साथ मानव भएर बाँच्नका लागि नभई नहुने न्यूनतम आधारभूत अधिकारहरुको संग्रह नै मानव अधिकार हो ।

नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ मा मानव अधिकारहरुलाई मौलिक हकको रुपमा ब्यवस्था गरिएको छ ।

४. **<u>नेपालमा सत्य निरुपण तथा मेलमिलाप आयोग (आयोग) गठन गर्नुपर्ने अवस्था किन सृजना भयो ?</u>**

सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटना र त्यस्तो घटनामा संलग्न ब्यक्तिहरुको बारेमा वास्तविक सत्य तथ्य पत्ता लगाई सार्वजनिक गर्न, पीडक र पीडितबीच मेलमिलाप गराउन, पीडितलाई परिपूरण (क्षतिपूर्ति समेत) को ब्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न ब्यक्तिलाई कानूनी कारवाहीका लागि सिफारिस गर्न नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ र २०६३ साल मंसिर ५ गते नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी माओबादीबीच भएको बिस्तृत शान्ति संझौताको बुँदा नं ५.२.५ को आधारमा बेपत्ता

पारिएका ब्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम यस आयोग गठन भएको हो ।

५. **<u>यस आयोगको गठन कहिले भयो ?</u>**

नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयअनुसार मिति २०७१ साल माघ २७ गते यस आयोगको गठन भएको हो ।

६. **<u>आयोगले कहिलेदेखि कहिलेसम्मका घटनाको छानविन गर्छ ?</u>**

आयोगले २०५२ फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्मका सशस्त्र द्वन्द्वसँग सम्बन्धित घटनाको मात्र छानविन गर्छ ।

७. **<u>पीडक भन्नाले कसलाई बुझिन्छ ?</u>**

पीडक भन्नाले सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी अपराधमा संलग्न व्यक्ति र त्यस्तो अपराध गर्न आदेश दिने व्यक्ति समेतलाई बुझिन्छ ।

८. **<u>पीडित भन्नाले कसलाई बुझिन्छ ?</u>**

पीडित भन्नाले सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणामस्वरुप मृत्यु भएको, अपहरण तथा शरीर बन्धक बनाईएको वा शारीरिक वा मानसिक यातना, यौनजन्य वा आर्थिकरुपमा हानीनोक्सानी पुगेको वा थुनामा रहेको व्यक्ति तथा निजको परिवारको सदस्य समेतलाई बुझिन्छ । साथै, सो शब्दले मानव अधिकारको गम्भीर उल्लङ्घनको परिणामस्वरुप मानवीय, सामाजिक वा सामुदायिकरुपमा गम्भीर प्रतिकूल असर पुग्न गएको समुदाय समेतलाई जनाउँछ ।

९. **<u>आयोगले मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन कसरी गर्छ ?</u>**

आयोगले तल उल्लेख भए बमोजिमका आधारमा मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन गर्छः

(क) पीडित वा निजको तर्फबाट कसैले आयोग समक्ष उजूरी दिएमा,

(ख) आयोगलाई कुनै स्रोतबाट जानकारी प्राप्त भएमा,

(ग) आयोगले छानविन गर्न उपयुक्त सम्झेमा ।

१०. **<u>आयोगले सत्य तथ्य कसरी पत्ता लगाउँछ ?</u>**

(क) आयोगले पीडितले उपलब्ध गराएको प्रमाणको विश्लेषणको माध्यमबाट

(ख) स्थलगत अध्ययनको माध्यमबाट

(ग) बयान र साक्षी बकपत्रको माध्यमबाट

(घ) सार्वजनिक सुनुवाईको माध्यमबाट

**११. "परिपूरण" भनेको के हो र आयोगको परिपूरण गर्दा के भूमिका हुन्छ ?**

परिपूरणभित्र पीडितलाई उपलब्ध गराइने क्षतिपूर्ति, सुविधा वा सहुलियत आदि कुरा पर्छन् । आयोगले तल उल्लिखित कुराहरु उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्न सक्छः

(क) निःशुल्क शिक्षा तथा स्वास्थोपचार,

(ख) सीपमूलक तालीम,

(ग) विना ब्याज वा सहुलियतपूर्ण ब्याजमा ऋणसुविधा,

(घ) बसोबासको व्यवस्था,

(ङ) रोजगारको सुविधा,

(च) आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियत ।

**१२. पीडितको परिवारका सदस्यमा को को पर्छन् ?**

पीडितको परिवारमा पीडितको पति, पत्नी, छोरा, छोरी, बाबु, आमा, सासु, ससुरा, बाजे, बज्यै, नाति, नातिनी वा सगोलको दाजुभाइ वा दिदीबहिनी पर्छन् ।

**१३. आयोगले कसरी पीडक र पीडितबीच मेलमिलाप गराउन सक्छ ?**

पीडक वा पीडितले मेलमिलापको लागि आयोगसमक्ष निवेदन दिएमा ऐनबमोजिम आयोगले पीडक र पीडितबीच एकआपसमा मेलमिलाप गराउन सक्छ । पीडक र पीडितबीच मेलमिलाप गराउँदा आयोगले पीडकलाई निजले गरेको गलत कामको पश्चाताप गर्न लगाई पीडितसँग माफी माग्न लगाउनुका साथै पीडितलाई हुनगएको क्षतिवापत मनासिव क्षतिपूर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउन समेत सक्छ ।

मेलमिलाप गराउने सम्बन्धमा पीडक र पीडितलाई उत्प्रेरित गर्नको लागि आयोगले देहायको काम गर्न वा गराउन सक्छः–

(क) सशस्त्र द्वन्द्वग्रस्त ठाउँमा पीडक, पीडित तथा निजका परिवारलाई सम्मिलित गराई मेलमिलाप समारोह आयोजना गर्न,

(ख) पीडक, पीडित तथा निजका परिवारको संलग्नतामा सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिको सम्झनास्वरुप प्रतिमा वा सार्वजनिकस्थल निर्माण गर्न वा स्तम्भ खडा गर्न लगाउन,

(ग) मेलमिलाप सम्बन्धी विभिन्न लेख, रचना, निबन्ध, गीत, चित्रआदि प्रकाश नगर्न,

(घ) सामाजिक तथा सामुदायिक सद्भाव बढाउन,

(ङ) अन्य उपयुक्त कार्य गर्न ।

१४. **आयोगको सिफारिस कार्यान्वय नभए नभएको कसले अनुगमन गर्छ ?**

आयोगको प्रतिवेदनमा उल्लिखित सिफारिस कार्यान्वयन भए नभएको अनुगमन गर्ने कार्य राष्ट्रियमा नवअधिकार आयोगले गर्छ ।

१५. **पीडित र साक्षीलाई आयोगमा उपस्थित गराउनुपर्ने अवस्थामा के कसरी उपस्थित गराउन सकिन्छ ?**

पीडित र साक्षीलाई आयोगमा उपस्थित गराउनुपर्ने भए मानिसहरुको आउने जाने यातायात खर्च र खाने बस्ने व्यवस्था आयोगले गर्नेछ ।

*